# बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका तत्कालिन भि. सि.राजकुमार रौनियारले आफ्नो काज आफै स्वीकृत गरि रकम हिनामिना गरेकोभन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानविन प्रतिवेदन

राष्ट्रिय सतर्कता केन्द्रको प.सं.२०७७/०७८ च.नं. १८००००००३ मिति २०७७/०६/२६को पत्रानुसार "**वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका तत्कालिन उपकुलपति प्रा. डा.राजकुमार रौनियारले आफ्नो काज आफै स्वीकृत गरि रकम हिनामिना गरेको**भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न मलाई खटाइएकोमा छानविन गरी देहाय बमोजिमको प्रतिवेदन पेश गरेको छु ।

## १.१. उजुरीको संक्षिप्त व्यहोरा

वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका तत्कालिन उपकुलपति प्रा. डा.राजकुमार रौनियारले विगत डेढ वर्ष देखि आफ्नो काज आफै स्वीकृत गर्दै आफ्नो पद जोगाउन प्रतिष्ठानको खर्चमा काठमाण्डौं हवाई जहाजमा जाने आउने गर्नुका साथै तीनतारे होटल मनासलुमा बस्ने खाने गरेर प्रतिष्ठानको करोड जति रकम हिनामिना गरेकोले कारवाही गरिपाउँ भनी केन्द्रमा उजुरी दर्ता हुन आएको।

## १.२. अध्ययन विधि

छानविन अध्ययनको क्रममा निम्न विधि अवलम्वन गरी छानविन प्रतिवेदन तयार गरिएको छ ।

- उजुरीसँग सम्बन्धित विषयमा वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका रजिष्टार,अस्पताल निर्देशक,प्रशासन प्रमुख तथा लेखा प्रमुख सँग उजुरीका विषयमा छलफल गरी अस्पतालसँग कागजात माग गरी उपलब्ध गराएका कागजातहरु अध्ययन गरिएको ।
- उजुरीसँग सम्बन्धित विषयमा अस्पतालका कर्मचारीहरुसँग सोधपुछ तथा छलफल गरिएको ।
- वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानकाको स्थलगत निरीक्षण गरिएको ।

## १.३. छानविनबाट पाइएको तथ्यगत व्यहोरा

**आफ्नो काज आफै स्वीकृत गरि रकम हिनामिना गरेको भन्ने सम्बन्धमा।**

- वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, नियामवली २०५५,अनुसूची-९ नियम १८.१ संग सम्वन्धित १ को उप-खण्ड 'ख' मा कुनै पदाधिकारी, शिक्षक वा कर्मचारीलाई प्रतिष्ठानको कममा नेपाल अधिराज्य भित्र वा विदेशमा पठाउनु पर्दा काजको अवधि तोकि काजमा खटाउन निजको नाउमा भ्रमण आदेश दिन सकिनेछ भन्ने विषय उल्लेख भएको।
- यसैको खण्ड 'ग' मा उप-खण्ड 'ख' बमोजिम उपकुलपतिले नेपाल अधिराज्य बाहिर २ हप्ता भन्दा बढी अवधिको लागि भ्रमण गर्दा परिषद्को अध्यक्षको स्वीकृति लिएर जानुपर्नेछ। अन्य पदाधिकारीलाई उपकुलपतिले र अन्य शिक्षक तथा कर्मचारीलाई रजिष्टारले भ्रमण सम्बन्धी आदेशको स्वीकृति दिन सक्नेछ भन्ने व्यवस्था भए बमोजिम भएको देखिन्छ।

**हवाईजहाजको टिकट तथा बोर्डिङ पास सम्वन्धमा**

- तत्कालिन उपकुलपति प्रा. डा.राजकुमार रौनियारले 2018 July 6 देखि 2019 march 8 सम्म जम्मा विराटनगरवाट काठमाण्डौ र काठमाण्डौंवाट विराटनगर ४० पटक हवाई यात्रा गरेको देखिन्छ।

| मिति | टिकट | बोर्डिङ पास | कैफियत |
|---|---|---|---|
| July 6, 2018 | पेश गरेको | पेश गरेको | |
| July 8, 2018 | पेश गरेको | पेश गरेको | |
| July 14, 2018 | पेश गरेको | पेश गरेको | |
| July 15, 2018 | पेश गरेको | पेश गरेको | |
| August 9, 2018 | पेश गरेको | पेश नगरेको | |
| August 11, 2018 | पेश गरेको | पेश गरेको | |
| August 24, 2018 | पेश गरेको | पेश नगरेको | |
| August 27, 2018 | पेश गरेको | पेश नगरेको | |
| August 29, 2018 | पेश गरेको | पेश गरेको | |
| September 1, 2018 | पेश गरेको | पेश गरेको | |

| | | | |
|---|---|---|---|
| September 15, 2018 | पेश गरेको | पेश गरेको | |
| September 19, 2018 | पेश गरेको | पेश गरेको | |
| September 26, 2018 | पेश गरेको | पेश गरेको | |
| September 29, 2018 | पेश गरेको | पेश नगरेको | |
| October 4, 2018 | पेश गरेको | पेश गरेको | |
| October 5, 2018 | पेश गरेको | पेश नगरेको | |
| October 10, 2018 | पेश गरेको | पेश नगरेको | |
| October 16, 2018 | पेश गरेको | पेश गरेको | |
| NOV. 2, 2018 | पेश गरेको | पेश गरेको | टिकटमा रु ६९०० उल्लेख भएको तर मेडिया ट्राभलको नाममा रु ७९०० को विल पेश भएको देखिन्छ। |
| NOV. 5, 2018 | पेश गरेको | पेश गरेको | |
| NOV. 11, 2018 | पेश गरेको | पेश गरेको | |
| NOV. 16, 2018 | पेश गरेको | पेश गरेको | |
| NOV. 18, 2018 | पेश गरेको | पेश गरेको | |
| NOV. 20, 2018 | पेश गरेको | पेश गरेको | |
| NOV. 21, 2018 | पेश गरेको | पेश नगरेको | |
| NOV. 27, 2018 | पेश गरेको | पेश गरेको | |
| NOV. 30, 2018 | पेश गरेको | पेश गरेको | |
| Dec. 7, 2018 | पेश गरेको | पेश गरेको | |
| Dec. 13, 2018 | पेश गरेको | पेश नगरेको | |
| Dec. 23, 2018 | पेश गरेको | पेश गरेको | अर्को व्यक्तिको बोर्डिङ पास पेश गरेको। |
| Dec. 26, 2018 | पेश गरेको | पेश नगरेको | |
| Jan. 19, 2019 | पेश गरेको | पेश गरेको | |

| | | | |
|---|---|---|---|
| Jan. 22, 2019 | पेश गरेको | पेश गरेको | |
| Jan. 19, 2019 | पेश गरेको | पेश गरेको | |
| Jan. 29, 2019 | पेश गरेको | पेश गरेको | |
| FEB. 3rd , 2019 | पेश गरेको | पेश गरेको | |
| FEB. 10, 2019 | पेश गरेको | पेश गरेको | |
| FEB. 20, 2019 | पेश गरेको | पेश गरेको | |
| FEB. 21, 2019 | पेश गरेको | पेश नगरेको | |
| March 8, 2019 | पेश गरेको | पेश गरेको | |

- July 6, 2018 देखि March 8, 2019 सम्म पटक-पटक गरी रु २,२८,८०० बरावरको हवाई जहाजको यात्रा गरेको देखिन्छ।
- August 9, 24, 27 October 5, 10 , Nov 21,23,26 तथा Feb 21 को बोर्डिङ पास पेश नगरेको तथा DEC. 23 को बोर्डिङ पास अर्कै व्यक्तिको पेश गरेको दखिन्छ।
- NOV 2 माटिकटमा रु ६९०० उल्लेख भएको तर मेडिया ट्राभलको नाममा रु ७९०० को विल पेश भएको देखिन्छ।

**<u>तिन तारे होटल मनासलुमा बसी खर्च गरेको सम्बन्धमा</u>**

- तत्कालिन उपकुलपति प्रा. डा.राजकुमार रौनियार काठमाण्डौं जाँदा होटल मनासलुमा वस्ने गरेको देखिन्छ।होटल खर्च बापतको जम्मा रु ९२,५४१.६१ (बयानब्बे हजार पाँच सय एकचालिस रुपया एक साठी पैसा ) को विल बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र डा.राजकुमार रौनियारको नाममा होटलले पेश गरेको देखिन्छ।
- डा.राजकुमार रौनियारले मिति २०७५/४/१ देखि २०७५/१२/९ सम्म पटक पटक गरी रु ५,६४,४६०।५९ बरावरको दैनिक भ्रमण भत्ता वापत भुक्तानी लिएको देखिन्छ।

**<u>महिनामा २० देखि २५ दिन काजमा बसेको सम्वन्धमा</u>**

- संकलित प्रमाणका आधारमा डा. राजकुमार रौनियार कुनै पनि महिना एकमुष्ट २० देखि २५ दिन काजमा बसेको देखिदैन।

## १.४. निष्कर्ष तथा राय

### १.४.१. निष्कर्ष

- बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियामवली २०५५ बमोजिम उपकुलपतिले नेपाल भित्र भ्रमण गर्दा आफ्नो काज आफै स्वीकृत गर्न पाउने व्यवस्था वमोजिम नै भएको देखिन्छ।
- भ्रमण गर्दा प्रयोग गरेको भ्रमण साधन हवाईजहाजको टिकट र बोर्डिङ पास पेश भएता पनि भ्रमणको औचित्य पुष्टि गर्ने प्रमाण पेश गर्न नसकेको देखिन्छ।

### १.४.२. राय

- बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालिन उपकुलपति प्रो.डा. राजकुमार रौनियारसँग सम्वन्धित उजुरीका सम्बन्धमा छानविन गर्दा भ्रमणको औचित्य पुष्ठी गर्ने प्रमाण पेश गरेको नदेखिएकोले उक्त भ्रमणलाई कानुन संगत भन्न नमिल्ने देखिन्छ।
- बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका जिम्बेवार पदाधिकारीलाई भ्रमण आदेश स्वीकृत गर्दा भ्रमण गर्नु पर्नाको कारण पुष्ठी गर्ने प्रमाण पेश गरेपछि मात्र स्वीकृत गर्न निर्देशन दिने।
- यस विषयसँग सम्वन्धित उजुरी अख्तियार दुरुपयोग अनुसाधान आयोगको कार्यालय ईटहरी , सुनसरीबाट समेत छानविन भईरहेको Ref. NO 2898/076/077 मिति २०७६/१२/०६ को मितिमा प्रतिष्ठानको तर्फबाट आयोगलाई लेखेको पत्रबाट खुलेको देखिएको हुँदा केन्द्रको तर्फबाट तत्काललाई उजुरी तामेलीमा राख्न मनासिव देखिन्छ।

## राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७७/०९/२९ को निर्णयः

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका तत्कालिन भि.सि.राजकुमार रौनीयारले काज आफै स्वीकृत गरी रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानबिन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा जिम्मेवार पदाधिकारीले कार्यक्षेत्रभन्दा बाहिर भ्रमण गर्दा भ्रमणको स्पष्ट उद्देश्य सहित भ्रमण गर्न र कार्य सम्पन्न भए पश्चात् अनिवार्य रूपमा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउन उक्त प्रतिष्ठानलाई निर्देशन दिई फाइल तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गरियो ।